# नेपाल खानेपानी संस्थान

**प्रधान कार्यालय, त्रिपुरेश्वर ।**

प्रकाशित मिति २०८३।०५।१६

**<u>विज्ञापनहरु रद्द गरिएको सूचना ।</u>**

यस संस्थानले श्री लोक सेवा आयोगको मिति २०८३।०१।०४ मा प्राप्त सहमति अनुसार पदपूर्ति समितिको मिति २०८३।०१।०५ को निर्णयानुसार मिति २०८३।०१।०६ गते गोरखापत्रमा प्रकाशित गरिएका विज्ञापनहरु खुला, आन्तरिक र बढुवा प्रतियोगिताद्वारा पदपूर्तिको लागि आव्हान गरिएको सूचनालाई श्री पूर्वाधार विकास मन्त्रालयको प.सं. २०८२।०८३ च.नं. १९६/५७२ मिति २०८३।०३।३२ को पत्रबाट नेपाल खानेपानी संस्थानको लागि श्री लोक सेवा आयोग, कमलपोखरीबाट १९८ पदहरुको लागि मिति २०८३।०१।०६ गते गोरखापत्रमा विज्ञापनको सूचना प्रकाशित भएता पनि साविक संस्थान अस्तित्वमा रहने नदेखिंदा उक्त विज्ञापनको सूचना रद्द गर्न संस्थानलाई निर्देशन दिने र सम्बन्धित स्थानीय तहहरुमा हस्तान्तरण प्रक्रियाहरु अघि बढाउने भनि लेखि आएको हुँदा मिति २०८३।०४।२६ को पदपूर्ति समितिको बैठकबाट श्री लोक सेवा आयोगमा उक्त विज्ञापनहरु रद्दको सहमति माग गरिएकोमा मिति २०८३।०५।०३ को आयोगको सहमतिको पत्रानुसार पदपूर्ति समितिको मिति २०८३।०५।०८ को बैठकबाट उक्त विज्ञापनहरु रद्द गर्ने निर्णय भएकोले दरखास्त दिएका आवेदकहरुले संस्थानको शाखा कार्यालयहरु भद्रपुर, बिराटनगर, लहान, राजविराज, जनकपुर, जलेश्वर, गौशाला, मलंगवा, गौर, कलैया, विरगंज, पोखरा, हेम्जा, बुटवल, भैरहवा, तौलिहवा, कृष्णनगर, बहादुरगंज, नेपालगंज, धनगढी महेन्द्रनगर, बनेपा तथा प्रधान कार्यालय त्रिपुरेश्वर मध्ये आफुलाई पायक पर्ने शाखा कार्यालयहरु मध्ये कुनै एकमा परीक्षा दस्तुर बुझाएको रसिद सहित निवेदन पेश गरी यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र परीक्षा दस्तुर फिर्ता लिनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। परीक्षा दस्तुर फिर्ताको निवेदन दिएकाहरुको विवरण रुजु पश्चात् परीक्षा दस्तुर फिर्ता हुने तीन पुस्ते सहितको नामावली संस्थानको वेव साइट www.nwsc.gov.np मा पछि प्रकाशन गरिने जानकारी गराईन्छ ।